## सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
## सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की
## आदेश
## ०७३-WO-०८३२
## विषयः उत्प्रेषण।

अधिवक्ता कपिलदेव ढकाल ............................................................ **निवेदक**

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत ........................................... **विपक्षी**

निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री बद्रीबहादुर कार्की, श्री तुलसी भट्ट एवं विद्वान् अधिवक्ताहरु डा. श्री भीमार्जुन आचार्य र श्री ओमप्रकाश अर्याल एवं स्वयं रिट निवेदक अधिवक्ता श्री कपिलदेव ढकालले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षी नं. ५ बाहेकका अन्य विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा प्रहरी नियमावली, २०७१ को नियम ४१ विपरीत प्रहरी महानिरीक्षक पदमा बढुवा गर्न लागिएकोले उक्त बढुवा सम्बन्धी प्रक्रिया रोकी नियम ४१ का आधारमा नियुक्ति हुनुपर्ने माग दावी लिई सार्वजनिक सरोकारको विवादको रोहमा प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ। नेपाल प्रहरीको महानिरीक्षक पदमा प्रहरी नियमावली, २०७१ को नियम ४१ विपरीत डि.आइ.जि. जयबहादुर चन्दलाई नियुक्ति गरिएको नेपाल सरकारको कार्य एवं निर्णय नियमावलीको उक्त व्यवस्थाको विपरीत भएकाले निजलाई नियुक्ति गर्ने गरेको नेपाल सरकारको कार्य र निर्णय बदर गरी पाऊँ भनी ०७३-WO-०८३३ को रिट निवेदन आजै यस अदालतमा दायर भइसकेको भनी निवेदक अधिवक्ताले बहसको क्रममा व्यक्त

गर्नुभएको अवस्था छ। त्यस्तै नेपाल सरकारले आजै मिति २०७३।११।१ मा प्रहरी ऐन र नियमावलीको व्यवस्था विपरीत प्रहरी महानिरीक्षक पदमा नियुक्त गरेकाले सो नियुक्ति बदर गरी पाऊँ भनी यीनै रिट निवेदकले आजै पूरक निवेदन दर्ता गरेको अवस्थासमेत देखिन्छ।

प्रस्तुत रिट निवेदनमा निवेदकले प्रहरी नियमावली २०७१ को नियम ४१ विपरीत प्रहरी महानिरीक्षक पदमा नियुक्ति गर्न लागिएको भनी सार्वजनिक सरोकारको विवादको रोहमा रिट दायर गरेको, आजै सोही विषयमा पूरक निवेदनसमेत दिएको र सोही विषयमा नेपाल सरकारबाट भएको निर्णय प्रहरी ऐन र नियमावलीको विपरीत भएको भनी रिट दायर भइसकेको सन्दर्भमा अन्तरिम आदेश जारी हुने नहुने भन्ने सम्बन्धमा दुबै पक्ष राखी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकाले अन्तरिम आदेश सम्बन्धी छलफलका लागि मिति २०७३।११।८ को पेशी राखी सो छलफलमा उपस्थित हुन विपक्षीहरु १, २, ३ र ४ लाई सूचना पठाउनू। साथै विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७३।११।१ मा डि.आइ.जि. जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरे सम्बन्धमा भएका मूल्याङ्कनसहितका फायल र बढुवा सम्बन्धी निर्णयको फायल महान्यायाधिवक्तको कार्यालयमार्फत तीन दिनभित्र झिकाउनू।

प्रहरी महानिरीक्षक पदमा नियुक्त गर्दा प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता र आफूभन्दा मुनिका प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्य जस्ता मापदण्डहरुको पालना र अवलम्बन बाध्यात्मक रुपमा गर्नुपर्ने संवेदनशीलता समेतलाई विचार गर्दा दुबै पक्षको छलफलबाट अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा निष्कर्षमा नपुगेसम्मका लागि प्रहरी महानिरीक्षक पदमा मिति २०७३।११।१ मा भएको डि.आइ.जि. जयबहादुर चन्दको नियुक्ति सम्बन्धमा भएका सम्पूर्ण काम कारवाही हाललाई यथास्थितिमा राख्नू, राख्न लगाउनू, नियुक्ति दिने, दिलाउने, पदबहाली गर्ने, गराउने लगायतका कुनै कार्य नगर्नू, नगराउनू भनी विपक्षीहरुका नाममा यो अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरु १, २, ३ र ४ लाई दिई नियमानुसार पेश गर्नू।

**प्रधान न्यायाधीश**

इति संवत् २०७३ फागुन १ गते रोज १ शुभम् ..................................................।